# ........................................ खानेपानी तथा सरसफाई उपभोक्ता समिति

## म्याग्दी

## मूल उपभोक्ता समिति

........................... म्याग्दी

## २०.... को विधान

प्रस्तावना :

बढ्दो जनघनत्व र गाउंले स्थितिले गर्दा जनचेतना अभिवृद्धि गर्दै जनसहयोगबाट विकास निर्माणका कामहरु द्रुत गतिमा अगाडि बढाउंदै लैजानु आजको आवश्यकता भएको छ। विकास निर्माणका कामलाई अगाडि बढाउन स्थानीय बासिन्दा र विभिन्न सामाजिक संघ संस्थाहरुबाट समेत सहयोग लिई ...................... म्याग्दी सेवा सुविधायुक्त गाउंमा परिणत गर्दै लैजानु आजको कार्य भएकोले यहांका जनतालाई पिउन र सर-सफाईका लागि स्वच्छ र सफा पानी उपलव्ध गराउनु आजको प्राथमिक चरणको कार्य भएको हुंदा ......... वासीका लागि "खानेपानी आयोजना" को कार्यक्रम सञ्चालन गर्नु आवश्यक भएकोले खानेपानी आयोजनाको कार्यक्रमको छनौट गरी कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन, समीक्षा, मूल्याङ्कन र मर्मत सम्भार समेत स्थानीय स्तरमा नै गर्ने सेवामूलक गैह्र सरकारी संस्थाको स्थापना गर्न वाञ्छनीय देखिएकोले ............... वासीको तत्परतामा यो विधान तर्जुमा गरी .............. खानेपानी आयोजना खानेपानी तथा सरसफाई उपभोक्ता समिति गठन गरिएको छ।

### परिच्छेद १
### प्रारम्भिक

१. नाम :- यस उपभोक्ता संस्थाका नामः- ..................................................... ...............................म्याग्दी २०.....रहनेछ।
प्रारम्भ :- यो विधान तुरुन्तै लागु हुनेछ।

२. परिभाषा :- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा प्रयोग भएका शव्दहरुको अर्थ निम्नानुसार हुनेछ।

२.१ "विधान" भन्नाले ...................... खानेपानी योजना उपभोक्ता समितिको विधान २०...... लाई सम्झनु पर्दछ।

२.२ "ऐन" भन्नाले संस्था दर्ता ऐन २०३४, जलश्रोत ऐन २०४९ लाई जनाउछ। "नियमावली" भन्नाले खानेपानी नियमावली २०५५ लाई जनाउंछ।

२.३ "नियम" भन्नाले यस विधान अन्तर्गत कार्य समितिले बनाई लागु गरेको नियमलाई जनाउंछ।

२.४ "कार्य समिति" तथा "मूल समिति" भन्नाले यस विधान अनुसार उपभोक्ताहरुबाट निर्वाचित "..................खानेपानी योजना उपभोक्ता समिति" लाई जनाउंछ।

२.५ "समिति" भन्नाले मूल उपभोक्ता समितिलाई जनाउंछ।

२.६ "संस्था" भन्नाले ................... खानेपानी योजनालाई जनाउंछ।

२.७ "उप-समिति" भन्नाले मूल समितिले आफू निहित सम्पूर्ण वा आंशिक अधिकार प्रत्यायोजन गर्ने गरी खास स्थान क्षेत्र तथा कार्यका लागि बनाइने समितिलाई जनाउंछ।

२.८ “संरक्षण समिति” भन्नाले मूल समितिको मातहत रहने गरी आयोजना निर्माण क्षेत्रको संरक्षणार्थ बन्ने समितिलाई जनाउंछ ।

२.९ “आयोजना” भन्नाले यस विधान बमोजिम ...................... खानेपानी उपभोक्ता समितिले संचालन गर्ने कार्यक्रमलाई जनाउंछ ।

२.१० “क्षेत्र” भन्नाले यस विधान अनुसार गठित समितिले उपलव्ध गराउने सेवा, सुविधा वा निर्माण गरिने स्थलले ढाक्ने भौगोलिक कार्यक्षत्र सम्झनु पर्दछ ।

२.११ “वार्ड” भन्नाले नेपाल सरकारले स्थानीय निर्वाचनका लागि विभाजन गरेको राजनीतिक सीमा क्षेत्र गाउं विकास समितिको वार्डलाई जनाउंछ ।

२.१२ “गैह्र सरकारी संस्था” भन्नाले यस संस्थाले राखेका उद्देश्यसंग मेल खाने केन्द्रिय स्तरमा दर्ता भएका सेवाभावले गठित गैह्र सरकारी संस्थालाई जनाउंछ ।

२.१३ “दातृ संस्था” भन्नाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय, सरकारी तथा गैह्र सरकारी संस्थालाई जनाउंछ ।

२.१४ “जनसहभागिता” भन्नाले जनताबाट दिइने निःशुल्क सेवा, जनसहयोग तथा जनश्रमदानलाई जनाउंछ ।

२.१५ “उपभोक्ता” भन्नाले यस विधान अनुसार ......................... खानेपानी योजनाबाट सेवा सुविधा उपभोग गर्ने व्यक्तिलाई सम्झनु पर्दछ ।

२.१६ “समूह” भन्नाले उपभोक्ताहरुको समूह, समुदायलाई जनाउंछ ।

२.१७ “उपभोक्ता समूह” भन्नाले यस संस्थाको कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष सेवा तथा सुविधा उपभोग गर्ने व्यक्तिहरुको समुदायलाई जनाउंछ ।

२.१८ “साधारण सभा” भन्नाले विधान अनुसार गरिने उपभोक्ता समूहको “सभा” “बैठक”लाई जनाउंछ ।

२.१९ “सदस्य” भन्नाले यस आयोजनाबाट सेवा सुविधा प्राप्त गर्ने विधान बमोजिमका उपभोक्तालाई जनाउंछ ।

२.२० “उपभोक्ता समितिका सदस्य” भन्नाले मूल उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव, कोषाध्यक्ष लगायत मूल समितिका अन्य सदस्यहरु समेतलाई जनाउंछ ।

२.२१ “उपभोक्ता समितिका पदाधिकारी” भन्नाले विधान अनुसार निर्वाचित अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव र कोषाध्यक्षलाई मात्र जनाउंछ ।

२.२२ “अध्यक्ष” भन्नाले विधान अनुसार निर्वाचित मूल समितिका अध्यक्षलाई जनाउंछ ।

२.२३ “उपाध्यक्ष” भन्नाले विधान अनुसार निर्वाचित मूल समितिका उपाध्यक्षलाई जनाउंछ ।

२.२४ “सदस्य सचिव” भन्नाले विधान अनुसार निर्वाचित मूल समितिका पदाधिकारी सचिवलाई जनाउंछ ।

२.२५ “कोषाध्यक्ष” भन्नाले विधान अनुसार निर्वाचित मूल समितिका पदाधिकारी कोषाध्यक्षलाई जनाउंछ ।

२.२६ “कार्यालय सचिव” भन्नाले विधान बमोजिम नियुक्त कर्मचारीलाई जनाउंछ ।

२.२७ “संयोजक” भन्नाले निर्मित तथा निर्माणाधिन आयोजनाको कार्य सम्पादन संचालन तथा व्यवस्थापनका लागि कुनै क्षेत्र, कार्ड तथा कार्यका लागि गठन गरिने समिति, उपसमितिका प्रमुख, संयोजकलाई जनाउंछ ।

२.२८ “संरक्षक” भन्नाले निर्मित तथा निर्माणाधिन आयोजना, क्षेत्रको संरक्षणार्थ गठन हुने उपसमितिका प्रमुख, संरक्षकलाई जनाउंछ ।

२.२९ “सार्वजनिक धारा” भन्नाले उपभोक्ता समितिले जनताको जीवनस्तर र आवश्यकतालाई हेरी निःशुल्क पानी उपभोग गराउन कसैको अधिकार क्षेत्रभित्र नरही जनसमुदायको माझ रहेको पानीको धारालाई जनाउंछ ।

२.३० “सेवा शुल्क” भन्नाले यस विधान अनुसार गठित उपभोक्ता समितिले संचालन गरेको आयोजनाबाट सेवा सुविधा प्रदान गरे वापत तोकिएको शुल्कलाई जनाउंछ ।

३. चिन्ह र छाप :- यस संस्थाको औपचारिक प्रयोगका निमित्त छुट्टै छाप हुनेछ ।

३.१ छापको विवरण :- .................. खानेपानी आयोजना म्याग्दी मूल उपभोक्ता समिति २०....
अंग्रेजी ................ Drinking Water Project consumer Committee 20..

३.२ चिन्हको विवरण :-
नोट :- गोलाकारको छाप हुनेछ, जसको माथिको गोलाकारमा ................. खानेपानी आयोजना र तलको गोलाकारमा उपभोक्ता समिति २०.... र विचमा हातले बन्द गर्दै रहेको एक हात समेतको धारा र धाराको तल "संरक्षण गरौं" भनी लेखिएको हुनेछ ।

४. कार्यालय :- संस्थाको कार्यालय ..........................................म्याग्दी मा रहनेछ ।

## परिच्छेद - २
## उद्देश्य र कार्यक्षेत्र

५. प्रचलित कानुनको परिधिभित्र रही कार्य संचालन गर्ने गरी यस संस्थाको मुख्य उद्देश्य निम्नानुसार हुनेछन् :-

५.१ .............................. जनतालाई खान र सरसफाईका लागि सफा र स्वच्छ पानी उपलव्ध गराउने ।

५.२ सार्वजनिक स्थल, कमजोर आर्थिक श्रोत तथा न्यून आय भएका जनसमुदाय विच सार्वजनिक धारा निर्माण गरी पानी उपलव्ध गराउने ।

५.३ राष्ट्रिय-अन्तर्राष्ट्रिय सरकारी, गैह्र सरकारी दातृ संस्थाहरुलाई आकर्षित गरी सहयोग लिई अधिक क्षेत्रमा स्वच्छ पानी उपलव्ध गराउने, वातावरणीय सरसफाई गर्ने कार्य योजना कार्यक्रम विस्तार गर्ने ।

५.४ खानेपानी तथा वातावरणीय सरसफाई कार्यक्रम विस्तार गर्न जिल्ला विकास समिति, गाउं विकास समितिबाट श्रोत र साधन जुटाउने कार्य योजना प्रस्तुत गर्ने ।

५.५ नेपाल सरकार, खा.पा.तथा स.डि.का.संग सहयोग लिई नयां कार्यक्रम बनाउन अनुदान प्राप्त गर्ने ।

५.६ उपभोक्ताहरु मध्येबाट आवश्यकतानुसार योग्य व्यक्तिहरुलाई खानेपानीको मिस्त्रीको रुपमा छनौट गरी नियुक्त गर्ने, तालिमको व्यवस्था गर्ने ।

५.७ प्राविधिक कर्मचारीहरुलाई उत्प्रेरकको रुपमा तालिम दिलाउने ।

५.८ स्थानीय मिस्त्रीको क्षमताबाट बाहिरको प्राविधिक कामका लागि खा.पा.तथा स.डि.कार्यालयसंग सहयोग माग्ने ।

५.९ संचालन तथा मर्मत सम्भार, व्यवस्थापन बारे वर्षको २ पटक खा.पा.तथा स.डि.का.को रोहवरमा मूल्याङ्कन गर्ने ।

५.१० स्वच्छ खानेपानीको उपयोग, वातावरणीय सरसफाई यस आयोजनाको लक्ष्य बारे जनतालाई जानकारी गराउने, चेतना अभिवृद्धि गर्ने र कार्यक्रम संचालनका लागि जनसहभागिता जुटाउने ।

५.११ आयोजना संचालन गरिने क्षेत्रको छनौट, तयारी, कार्यान्वयन आदि कामका लागि पूंजी, श्रम र साधनको व्यवस्था गर्ने, श्रोत परिचालनको व्यवस्था गर्ने ।

५.१२ कार्यान्वयन पूरा भएका आयोजनाको समय-समयमा चाहिने मर्मत सम्भार, रेखदेख तथा फाइदा बांडफांडको व्यवस्था न्यायोचित तरिकाले गर्ने ।

५.१३ उपभोक्ताहरुलाई परेको खांचो पूरा गर्न क्षेत्रको आवश्यकता छनौट गरी कार्यान्वयन गर्ने ।

५.१४ संचालन हुने सबै विकास निर्माण कामका लागि आयोजनाका सबै उपभोक्ताहरुलाई सहभागी बनाउने ।

५.१५ संचालन भएका र हुने आयोजनाका उपभोक्ताहरुलाई उपभोक्ता समूहमा एकजुट गराउने ।

५.१६ समूहको कार्यक्रम र नीति यस विधानको अधिनमा रही समितिले तोके अनुसार हुनेछ ।

## परिच्छेद- ३
## सदस्यता

६. सदस्यता :-

यस संस्थाबाट प्रदत्त सेवा तथा सुविधा प्रत्यक्ष वा अप्रत्यक्ष तवरबाट उपभोग गर्ने उपभोक्ताहरु उपभोक्ता समूहका सदस्य हुनेछन् । साधारणतया उपभोक्ताहरुको घरको मुली ( उपभोक्ताका रुपमा दर्ता भएका व्यक्ति ) ग्राहक यसका सदस्य हुन्छन् ।

७. सदस्यको योग्यता :-

यस संस्थाको विधान र नियमलार्य पालना गर्ने उपभोक्ता (व्यक्ति) सदस्यको लागि योग्य मानिन्छ ।

८. सदस्यता नरहने अवस्था :-

यस संस्थाको विधान र नियमलाई पालना नगर्ने उपभोक्ता (व्यक्ति) यस संस्थाको सदस्य रहने छैन ।

## परिच्छेद - ४
## उपभोक्ता समूह र उपभोक्ता समिति

९. उपभोक्ता समूह :-

यस संस्थाको कार्यक्रमबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सेवा तथा सुविधाहरु उपभोग गर्ने व्यक्तिहरु उपभोक्ता समूह भित्र पर्दछन् । यस संस्थाको विधान बमोजिम सदस्यता प्राप्त व्यक्ति उपभोक्ता समूहको सदस्य मानिन्छ र सो व्यक्तिले उपभोक्ता समूहको सभा बैठकमा सहभागी बन्न पाउंछ ।

१०. उपभोक्ता समूहको साधारण सभा :-

१०.१ मूल उपभोक्ता समितिले तोकेको मिति, स्थान र समयमा उपभोक्ता समूहको साधारण सभा बस्नेछ । एक साधारण सभाबाट अर्को साधारण सभाको अवधि १२ महिना भन्दा बढी हुने छैन । प्रत्येक वर्ष उपभोक्ता समूहको साधारण सभा बस्नेछ । उपभोक्ता समूहको साधारण सभा समितिका अध्यक्ष र सदस्य सचिवले बोलाउनु पर्नेछ ।

१०.२ उपभोक्ता उप-समितिका सबै सदस्यहरु, सबै धारा संरक्षण तथा सरसफाई उप-समितिका निर्वाचित १/१ जना प्रतिनिधि र मूल उपभोक्ता समितिका सम्पूर्ण

पदाधिकारी एवं सदस्यहरु उपभोक्ता समूहको साधारण सभाका प्रतिनिधि ( सदस्य) हुनेछन् ।

***स्पष्टिकरण*** :- सम्पूर्ण उपभोक्ताहरुलाई सभामा उपस्थित गराउन, प्रस्तावहरुमा छलफल गराई निर्णय लिन, आवश्यक उपस्थिति संख्या कायम गराउन नसकिने भएकोले प्रतिनिधित्वको व्यवस्था गरिएको हो ।

१०.३ अन्य समस्त उपभोक्ताहरु उपभोक्ता समूहको साधारण सभामा पर्यवेक्षकको रुपमा सहभागिता पाउने छन् । उनीहरुलाई चुन्ने, चुनिने अधिकार भने हुने छैन । उपभोक्ता समूहको साधारण सभाको नियम परिधि भित्र रही सबै प्रतिनिधि पर्यवेक्षकले आफ्ना जिज्ञासा सभामा राख्न सक्नेछन् ।

***नोट*** :- उपभोक्ता समूहको साधारण सभा हुनु भन्दा २१ दिन अघि प्रतिनिधि, पर्यवेक्षक तथा उपभोक्ताहरुलाई बैठक हुने मिति, स्थान, समय र विषयहरु बारे लिखित रुपमा जानकारी गराइनेछ ।

१०.४ कूल प्रतिनिधि सदस्यहरु मध्ये ५० प्रतिशत सदस्यको उपस्थिति रहेको अवसथामा उपभोक्ता समूहको साधारण सभाको काम कार्वाही संचालन हुनेछ ।

१०.५ ५० प्रतिशत प्रतिनिधि सदस्यहरुको उपस्थिति तोकिएको दिन र समय अनुसार नभएमा उपभोक्ता समूहको साधारण सभा स्थगित गरी ३ दिन भित्र पुनः अर्को सभा/बैठक बस्नेछ ।

१०.६ त्यसरी दोश्रो पटक तोकेको मिति, दिन र समय अनुसार तोकिएको प्रतिनिधि सदस्यहरुको उपस्थित नपुगे पनि उपस्थित संख्याको ४० प्रतिशत पुगेमा साधारण सभा/बैठक बस्ने सक्नेछ ।

दोश्रो पटक बसेको साधारण सभामा उपस्थित प्रतिनिधिको संख्या कूल प्रतिनिधि संख्याको ४० प्रतिशत नपुगेमा सो सभालाई त्यसदिन स्थगित गरी ४८ घटा भित्र पुनः तेश्रो पटक साधारण सभा बस्नेछ । तेश्रो पटक बसेको साधारण सभामा उपस्थित प्रतिनिधिको बहुमतबाट प्रस्तावहरु पारित हुनेछन् ।

१०.७ ***विशेष सभा/बैठक*** :- कार्य समितिका ५० प्रतिशत सदस्य अथवा उपभोक्ता उपसमितिका ५० प्रतिशत सदस्यहरुले समय अवधि अगावै उपभोक्ता समुहको साधारण सभाको माग गरेमा विशेष साधारण सभा बस्ने सक्नेछ । विशेष साधारण सभा अध्यक्ष र सचिवले बोलाउनु पर्नेछ ।

## ११. उपभोक्ता समूहको साधारण सभाको काम, कर्तव्य र अधिकार :-

समूहको काम, कर्तव्य र अधिकार तल उल्लेख गरे अनुसार हुनेछ :-

११.१ मूल समितिबाट पेश भएका प्रतिवेदनलाई छलफल सहित पारित गर्ने ।

११.२ संस्थाको आगामी कार्यक्रम तथा योजना तर्जुमा गर्ने ।

११.३ बजेट पारित गर्ने ।

११.४ निर्वाचन गराउने मूल उपभोक्ता समिति गठन गर्ने ।

११.५ लेखापरीक्षण गराउने, लेखापरीक्षक नियुक्त गर्ने, लेखापरीक्षकको पारिश्रमिक तोक्ने ।

११.६ संस्थाको आयश्रोत जुटाउने, खर्च गर्ने, उपभोक्ताहरुलाई अधिक सेवा सुविधा उपलव्ध गराउन योजना तर्जुमा गर्ने ।

११.७ विधान संशोधन गर्ने ।

११.८ संस्थाको उद्देश्य पूर्तिका लागि आवश्यक नीति निर्धारण गर्ने, नियम पारित गर्ने तथा निर्देशन गर्ने ।

११.९ आवश्यक कार्यका लागि पारिश्रमिक भत्ता तोक्ने ।

११.१० आयोजनाका लागि जनश्रम, पूंजी तथा साधन प्राप्त गर्न र परिचालन गर्न योजना बनाउने ।

१२. **उपभोक्ता समूहको साधारण सभा बैठकको अध्यक्षता :-**

मूल उपभोक्ता समितिको अध्यक्षले नै उपभोक्ता समूहको साधारण सभा, बैठकको अध्यक्षता गर्नेछन् । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निज पनि नभएमा समितिमा सदस्यहरुबाट निर्वाचित व्यक्तिले अध्यक्षता गर्नेछन् ।

१३. **उपभोक्ता समूहको साधारण सभाको छलफल र निर्णय :-**

१३.१ उपभोक्ता समूहको साधारण सभामा पेश गरिने सबै प्रस्तावहरु छलफलद्वारा उपस्थित सदस्यको सामान्य बहुमतबाट पारित हुनेछन् । मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछन् ।

१३.२ उपभोक्ता समूहको साधारण सभाको काम, कार्यवाही उपस्थिति आदि उल्लेख गर्न एउटा बैठक कापी (माइन्युट बुक) हुनेछ ।

१४. **मूल उपभोक्ता समितिको गठन :-**

........................................... खानेपानी आयोजनालाई सरल तरिकाले समयमा पूरा गर्न संरक्षण सम्बर्द्धन र विकास तथा संचालन गर्न उपभोक्ता समूहले एक मूल उपभोक्ता समिति गठन गर्नेछ ।

विधानत : गठिन विभिन्न वार्ड, क्षेत्रका उपसमितिका सदस्यहरु प्रत्येक धारा संरक्षण समितिका निर्वाचित १/१ जना प्रतिनिधि र निवर्तमान मूल समितिका सदस्यहरुको प्रतिनिधित्व रहेको सभा "उपभोक्ता समूहको साधारण सभा"ले ३३ प्रतिशत महिला समेत भएको सबै वार्ड/क्षेत्रबाट प्रतिनिधित्व गर्ने गरी आवश्यकता अनुसार ९ वा ११ सदस्यीय "मूल उपभोक्ता समिति" को निर्वाचन गर्नेछन् । उक्त निर्वाचित ९ वा ११ सदस्यहरुले आफूहरुको पद चयन गर्नेछ । यसलाई उपभोक्ता समूहको "कार्य समिति" पनि भनिन्छ ।

अध्यक्ष, उपाध्यक्ष, सदस्य-सचिव, कोषाध्यक्षलाई समितिका पदाधिकारी भनिन्छ । मूल उपभोक्ता समितिका सम्पूर्ण पदाधिकारी सदस्यहरुको कार्यकाल २ (दुई) वर्षको हुनेछ ।

१५. **उपभोक्ता समितिको पदबाट हट्ने अवस्थाहरु :-**

१५.१ उपभोक्ता समितिको पदबाट राजिनामा दिएमा ।

१५.२ मृत्यु भएमा ।

१५.३ उचित कारण विना लगातार ३ पटकसम्म समितिको बैठकमा अनुपस्थित रहेमा । (सदस्यलाई सफाई दिनबाट वञ्चित गरिने छैन)

१५.४ कुनै सदस्य विरुद्ध उपभोक्ता समूहको साधारण सभाका दुई तिहाई सदस्यले अविश्वास प्रस्ताव पास गरेमा ।

१५.५ समिति विघटन भएमा ।

१६. **उपभोक्ता समितिको बैठक :-**

१६.१ मूल उपभोक्ता समितिको बैठक अध्यक्षले तोकेको स्थान, मिति र समयमा आवश्यकतानुसार बस्नेछ ।

१६.२ ५० प्रतिशत सदस्यले बैठक बस्न लिखित अनुरोध गरेमा अध्यक्षले सूचना पाएको ७ (सात) दिन भित्र बैठक बोलाउनु पर्नेछ ।

१६.३ साधारणतया समितिको बैठक प्रत्येक महिनाको १ पटक बस्नेछ ।

१७. **गणपूरक संख्या :-**

कूल सदस्य संख्याको बहुमत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

१८. **निर्णय प्रक्रिया :-**

बैठकमा छलफल र निर्णयका लागि पेश गरिएका सबै विषयहरुमा बहुमत सदस्यहरुबाट पारित हुनु पर्नेछ ।

१९. **उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार :-**

१९.१ उपभोक्ता समूहको सम्पूर्ण प्रशासकीय अधिकार कार्य समितिमा रहनेछ । सम्पूर्ण कामको उद्देश्य, अभिप्राय, नीति र कार्यक्रमको निश्चय मूल उपभोक्ता समितिले नै गर्नेछ ।

१९.२ समितिले नै आवश्यक कार्यविधि र नियम तर्जुमा गरी बैठक बस्ने प्रक्रिया निर्धारण गर्नेछ ।

१९.३ योजनाको उद्देश्य पूर्तिका लागि आवश्यक पर्ने कार्यविपधि समितिले निर्धारण गरी लागु गर्नेछ ।

१९.४ मूल उपभोक्ता समितिले आय-व्ययको विवरण उपभोक्ता समूहको साधारण सभाबाट अनुमोदन गराई कार्यान्वयन गर्नेछ ।

१९.५ समितिले सदस्यहरुको र व्यवस्थापकीय अधिकारीहरुको चुनाव र छनौट प्रक्रिया निर्धारण गर्नेछ ।

१९.६ समितिले आफूमा निहित सम्पूर्ण वा आंशिक अधिकार प्रत्यायोजन गर्ने गरी उपसमिति गठन गर्न सक्नेछ ।

विधान, नियम उल्लंघन गर्ने माथि कार्वाही समेत गर्न सक्नेछ ।

१९.७ समितिले तोकिएको अधिकारी र उपभोक्ता समूह समक्ष तोकिए अनुसार आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन पेश गर्नेछ ।

१९.८ उपभोक्ता समूह तथा समितिका कागजपत्र हिसाव कितावलाई व्यवस्थित राख्नेछ ।

१९.९ समूहको हरेक छलफललाई बढी भन्दा बढी सहभागिता जुटाई प्रजातान्त्रिक बनाउने माध्यमको रुपमा काम गर्नेछ ।

१९.१० सम्बन्धित विषयका नीति, नियम र लाभकारी जानकारीहरु खोजतलास गरी समूहलाई जानकारी दिनेछ ।

१९.११ दातृसंस्था वा अन्य निकायसंग समूह तथा समितिको तर्फबाट काम गर्नेछ ।

१९.१२ संचालित कामहरुको प्रगति र हिसाव-किताबको विवरण समूहलाई नियमित रुपमा दिनेछ ।

२०. **पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार :-**

२०.१ **अध्यक्ष** :-

२०.१.१ समूह र समितिले सुम्पेका सम्पूर्ण काम, कर्तव्यको पालना र अधिकारको प्रयोग गर्ने ।

२०.१.२ समूह र समितिको बैठकको अध्यक्षता गर्नुका साथै तोकिउको अवस्थामा मात्र निर्णायक मत दिने ।

२०.१.३ समितिलाई सक्रिय नेतृत्व प्रदान गरी संस्थाको उद्देशय पूरा हुने कुराहरुमा सम्पर्क बढाउने र साधन जुटाउन सघाउने ।

२०.१.४ समितिको दैनिक कार्य संचालनको निमित्त निर्देशन दिने र आकस्मिक अवस्थामा निर्णय लिने ।

२०.१.५ समितिको बैठक आवश्यकतानुसार बोलाउने ।

२०.१.६ बेठकका लागि छलफल गर्ने विषयहरु तयार गर्ने ।

२०.१.७ समितिले गरेका निर्णयहरु कार्यान्वयन गराउने ।

२०.१.८ सरकारी र गैह्न सरकारी निकायसंग सम्बन्ध राखी श्रोतको व्यवस्था गर्ने ।

२०.१.९ आफ्नो क्षेत्रका उपभोक्ताहरुबाट आयोजना सम्बन्धी कामका लागि सहभागिता जुटाउने ।

२०.१.१० संस्थाको चल अचल सम्पत्ति हेरविचार गर्ने गराउने ।

२०.१.११ आफू अनुपस्थित भएमा आफ्नो कार्यभार उपाध्यक्ष वा कुने सदस्यलाई दिने ।

२०.२ **उपाध्यक्ष** :-

२०.२.१ अध्यक्षको अनुपस्थितिमा अध्यक्षको कार्यभार सम्हाल्ने ।

२०.२.२ समितिको नियमावली वा कार्यपद्धतीमा उल्लेखित उद्देश्य हासिल हुने काम गर्ने ।

२०.३ **सदस्य सचिव** :-

२०.३.१ आयोजनाको कार्यक्रम र समितिका काम कार्यवाहीलाई प्रभावकारी ढंगबाट संचालन गर्न कार्यालय व्यवस्थापनको काम गर्ने ।

२०.३.२ समिति र उपभोक्ता समूहको साधारण सभाको लागि आवश्यक तयारी र व्यवस्था मिलाउने ।

२०.३.३ समूह र समितिको निर्णय बैठक कापीमा लेख्ने ।

२०.३.४ प्रत्येक बैठकको निर्णय सबै सदस्यहरुलाई जानकारी गराउने ।

२०.३.५ आयोजना कार्यान्वयन सम्बन्धमा राख्नु पर्ने सबै श्रेस्ताहरु राख्ने र सोको जानकारी बैठकमा दिने ।

२०.३.६ आयोजनाका लागि सम्बन्धित क्षेत्रका जनताको सहभागिता जुटाउने ।

२०.३.७ विभिनन उपसमितिहरुको काम कार्यवाही बारे जानकारी प्राप्त गर्ने र आवश्यक सहयोग गर्ने ।

२०.३.८ समितिले तोकेका कामहरु गर्ने ।

२०.४ **कोषाध्यक्ष** :-

२०.४.१ आयोजनाको कोष संकलन गर्ने, आय व्ययको हिसाव राख्ने, राख्न लगाउने ।

२०.४.२ कोष वृद्धिको योजना गर्ने ।

२०.४.३ संस्थाको वार्षिक बजेट तयार गर्ने र उपभोक्ता समूहको सभामा मूल समिति मार्फत पेश गरी पारित गराउने ।

२०.४.४ लेखापरीक्षण गराउने ।

२०.४.५ आयोजनाको आर्थिक कारोवारको रेखदेख र नियन्त्रण गर्ने ।

२०.४.६ समितिले असुल गर्नुपर्ने शुल्कहरु असुल गर्ने र भुक्तानी लिनु दिनु पर्ने हिसाव मिलाउने ।

२०.४.७ आयोजनाका लागि दातृ संस्था, जनसहभागिताबाट प्राप्त भएको पुंजी, साधन सामग्री तथा श्रम, सीपको श्रेस्ता ठीक ठीक तरिकाले राख्ने ।

२०.४.८ प्राप्त भएको श्रम, सीप, पुंजी र सामाग्री कुन कामका लागि कति प्रयोग भयो र कति बांकी छ भन्ने हिसाव राख्ने ।

२०.४.९ आयोजनालाई प्राप्त श्रम, सीप, पुंजी र सामाग्रीको जिम्मा लिने र यसको प्रयोगको फरफारक लिने ।

२०.४.१० आफ्नो आयोजना क्षेत्रका उपभोक्ताको आयोजना सम्बन्धी जुनसुकै कामका लागि सहभागिता जुटाउने ।

२०.४.११ समितिले तोकेको अन्य कार्य गर्ने ।

२०.५ **सदस्य** :-

२०.५.१ आयोजना कार्यान्वयन स्थितिको अवलोकन, निरीक्षण गर्ने ।

२०.५.२ आयोजना कार्यान्वयन संचालन गर्न चाहिने श्रम, सीप, पुंजी र सामाग्रीको मात्र निधो गर्ने ।

२०.५.३ आवश्यकतानुसार आयोजना क्षेत्रका उपभोक्ताहरुको सहभागिता जुटाउने ।

२०.५.४ आयोजनाको स्थिति बारे आफ्नो क्षेत्रका उपभोक्ताहरुलाई अवगत गराउने ।

२०.५.५ समितिलाई आवश्यक सहयोग, सल्लाह र सुझाव दिने ।

२०.५.६ समितिले तोकेको कार्य गर्ने ।

२१. **कर्मचारी नियुक्ती** :-

आयोजना, संचालन, व्यवस्थापनका लागि समितिले आवश्यक पर्ने प्राविधिक, प्रशासनिक पद सृजना गरी कर्मचारी भर्ना गर्न सक्नेछ । यस्ता कर्मचारीहरुको पारिश्रमिक, भत्ता तथा सुविधा समितिले तोके अनुसार हुनेछ ।

२२. **उपसमितिको व्यवस्था** :-

मूल उपभोक्ता समितिबाट सबै वार्ड, क्षेत्रको विकास निर्माण कार्यमा नियमित निरीक्षण, सम्पर्क सम्बन्ध राख्ने काम गर्न नसकिने हुन जाने हुंदा आफ्नो वार्ड तथा क्षेत्र भित्र संचालन हुने खानेपानी तथा सरसफाई सम्बन्धी विकास निर्माण, संरक्षण, सम्बर्द्धन कार्य, सरल तरिकाले समयमा पूरा गर्न, मूल समितिको कार्य योजनालाई सहयोग पु¥याउन सोही क्षेत्रका उपभोक्ताहरुबाटै आवश्यकतानुसार उपसमितिको व्यवस्था गरिनेछ ।

२३. **खानेपानी तथा सरसफाई उपसमिति (गठन)**:-

वार्ड विभिन्न क्षेत्र भित्र संचालन हुने आयोजनाको विकास निर्माण, मर्मत-सम्भार, संरक्षण आदि कार्यमा सहयोग पु¥याउन मूल समितिको निर्देशानुसार उपसमिति गठन गरिनेछ ।

वार्ड, क्षेत्र भित्रका उपभोक्ताहरुलाई भेला गराई सम्बन्धित भागको प्रतिनिधित्व गर्ने गरी निर्वाचनद्वारा एकजना संयोजक र अन्य सदस्य रहने गरी कम्तीमा ३३ प्रतिशत महिला समेत भएको आवश्यकतानुसार ५ वा ७ सदस्यीय खानेपानी तथा सरसफाई उपसमितिको गठन गर्नेछ ।

यस समितिको कार्यकाल २ वर्षको हुनेछ ।

२४. **उप-समितिको काम, कर्तव्य र अधिकार** :-

२४.१ मूल समितिका नीति निर्देशन पालना गर्नु, गराउनु ।

२४.२ उपभोक्ता, संरक्षण समिति र मूल समिति वीच संचारको माध्यम भै काम गर्नु

२४.३ आयोजनाको निर्माण काममा जनसहभागिता लगायत स्थानीय श्रोत र साधन जुटाई आयोजनाको निर्माण संचालन तथा व्यवस्थापन कार्यमा मूल समितिलाई सहयोग गर्नु ।

२४.४ आफ्नो वार्ड, क्षेत्रमा रहेको संरक्षण उपसमितिहरुको संचालन, व्यवस्थापन बारे जानकारी राख्नु, उपसमितिहरुलाई सहयोग पु¥याउनु ।

२५. **संयोजकको काम, कर्तव्य र अधिकार** :-

२५.१ आफ्नो क्षेत्रको निर्माण, मर्मत सम्भार, संरक्षण, सरसफाई कार्यको अवलोकन, निरीक्षण गर्ने ।

२५.२ खानेपानीको आवश्यकता बारे तथ्याङ्क संकलन गर्ने ।

२५.३ आयोजनाको निर्माण कार्य, संरक्षण तथा सरसफाईको लागि जनसहभागिता जुटाउने ।

२५.४ आयोजनाको उद्देश्य बारे जनतामा जानकारी गराउने, चेतना अभिवृद्धि गर्ने ।

२५.५ नियमित बैठक गर्ने ।

२६. **सदस्यको काम, कर्तव्य र अधिकार** :-

२६.१ संयोजकलाई सहयोग पुऱ्याउने ।

२६.२ मूल समितिका नीति नियमहरु पालना गर्ने गराउने ।

२६.३ तोकिएको जिम्मेवारी पूरा गर्ने ।

२७. **धारा संरक्षण तथा सरसफाई उपसमितिको गठन** :-

मूल समितिले वार्ड तथा क्षेत्रीय समितिको सहयोगमा सार्वजनिक धाराबाट पानी उपभोग गर्ने (यस संस्थाको विधान र नियमलाई मान्ने) उपभोक्ताहरुलाई भेला गराई निर्वाचनद्वारा कम्तीमा २ जना महिला रहने गरी ३ वा ५ सदस्यीय धारा संरक्षण तथा सरसफाई उपसमिति गठन गर्नेछ । जसमा एकजना संरक्षक र अरु सदस्य हुनेछन् । यस समितिको सदस्यको पदावधि २ वर्षको हुनेछ ।

२८. **धारा संरक्षण तथा सरसफाई उपसमितिको काम, कर्तव्य र अधिकार** :-

२८.१ मूल समितिका नीति निर्देशन पालना गर्नु ।

२८.२ धारा संरक्षण गर्नु र सफासुग्घर राख्नु ।

२८.३ उपभोक्ताहरुलाई नियमित पानी उपलव्ध गराउने कार्य गर्नु ।

२९. **संस्थाको काम, कर्तव्य र अधिकार** :-

२९.१ धाराको संरक्षण गर्न, सफा सुग्घर राख्न, नियमित पानी उपलव्ध गराउन आवश्यक कार्य गर्ने ।

२९.२ धाराको अवस्था बारे सम्बन्धित क्षेत्रलाई जानकारी गराउने ।

२९.३ संस्थाको विधान तथा नियमहरु पालना गर्ने, गराउने ।

३०. **सदस्यको काम, कर्तव्य र अधिकार** :-

धारा संरक्षण गर्न र सफा सुग्घर राख्न, नियमित पानी उपभोक्ताहरुलाई उपलव्ध गराउने कार्यमा संरक्षकलाई सहयोग गर्ने ।

३१. **आर्थिक श्रोत** :-

३१.१ करार र सम्झौता अन्तर्गत अन्य संस्थाहरुबाट प्राप्त हुने रकम र अनुदान ।

३१.२ उपभोक्ताहरुबाट आयोजनाको सेवा सुविधा उपभोग गरे वापत प्राप्त रकम, सेवा शुल्क र अनुदान ।

३१.३ सरकारी, गैह्र सरकारी संस्था एवं स्थानीय दातृ संस्थाबाट प्राप्त हुने अनुदान सहयोग र भौतिक साधन ।

३१.४ जनसहभागिताबाट प्राप्त हुने श्रम, पुंजी र सामाग्रीहरु ।

३२. **चल अचल सम्पत्तिको व्यवस्था** :-

यो एक अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । यसले प्रचलित कानुनको अधिनमा रही चल अचल सम्पत्ति प्राप्त गर्न, भोग गर्न र बेचबिखन गर्न सक्नेछ ।

यसले आफ्नो नामबाट नालेस उजुर गर्न सक्ने र यस उपर पनि सोही नामबाट नालेस उजुर लाग्न सक्नेछ ।

३३. **कोष व्यवस्था** :-

३३.१ संस्थाको आफ्नो छुट्टै कोष हुनेछ । संस्थाको सम्पूर्ण खर्च यसै कोषबाट गरिनेछ ।

३३.२ बैंक खाता अध्यक्ष, सदस्य सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतमा कुनै दुईको हस्ताक्षरबाट कारोवार गर्ने गरी ............................ बैंक ...................... मा खोलिनेछ ।

३३.३ समितिले निर्धारण गरेको कार्य नीति अनुसार कोषाध्यक्षको रेखदेख र सुपरीवेक्षणमा कोषको उपयोग गरिनेछ ।

३३.४ समय समयमा समितिले कोषको उचित उपयोग भए नभएको जांच गर्न र आवश्यक निर्देशन दिन सक्नेछ ।

३३.५ कोष परिचालन, लेखा प्रणाली, लेखा परीक्षण र कोष सम्बन्धी अन्य प्रक्रियाहरु समितिबाट निर्धारित नियम अनुसार हुनेछ ।

३६. **श्रम, सीप, पुंजी र सामाग्री व्यवस्थापन प्रक्रिया** :-

उपभोक्ता समितिले गर्ने कामका लागि चाहिने श्रम, सीप, पुंजी र सामाग्री संस्थाको आफ्नो श्रोत, साधनबाट या उपभोक्ताहरु र दातृ संस्थाबाट व्यवस्था गरिनेछ ।

३७. **आयोजना कार्यान्वयन, मर्मत सम्भारका लागि चाहिने श्रम, सीप, पुंजी र सामाग्री व्यवस्थापन**

आयोजना कार्यान्वयन, मर्मत सम्भारका लागि चाहिने श्रम, सीप, पुंजी र सामाग्रीको पूति कार्यको प्रकृति र अवस्था हेरी समितिले आफ्नो श्रोत, साधनबाट गर्नेछ । अथवा उपभोक्ताहरुबाट आवश्यक सेवा शुल्क लिएर वा नेपाल सरकार, दातृ संस्थाहरको सहयोग लिएर पूरा गर्नेछ । यसको श्रेस्ता राखिनेछ ।

३८. **लेखापरीक्षण सम्बन्धी व्यवस्था** :-

३८.१ उपभोक्ता समूहको साधारण सभाले नियुक्ती गरेको लेखापरीक्षकबाट आयोजनाको काम सम्पन्न प्रतिवेदन र लेखापरीक्षण प्रतिवेदन सम्बन्धित निकाय समक्ष पेश गरिनेछ ।

३९. **निर्वाचन सम्बन्धी व्यवस्था :-**

३९.१ उपभोक्ता समूहको सभाका सदस्यहरुले आफू मध्येबाट उपभोक्ता समितिका सदस्यहरुको निर्वाचन गर्नेछन् ।

३९.२ त्यसैगरी वार्ड तथा धारा क्षेत्रका उपभोक्ताहरुले आफू मध्येबाट वार्ड क्षेत्रीय, धारा संरक्षण उपसमितिका सदस्यहरुको निर्वाचन गर्नेछन् ।

३९.३ एक पटक पदावधि समाप्त भएको व्यक्ति पुनः निर्वाचित हुन अयोग्य हुने छैन ।

४०. **उम्मेदवारको अयोग्यता** :-

४०.१ १८ वर्ष उमेर नपुगेको ।

४०.२ मगज विग्रेको भनी स्वीकृत चिकित्सकले प्रमाणित गरिदिएको ।

४०.३ नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट सजायं पाएको ।

४०.४ समूहको हित विपरित काम कारवाही गरेको प्रमाणित भएको ।

४०.५ गैर नेपाली नागरिक ।

४१. **अविश्वासको प्रस्ताव** :-

४१.१ समितिको कुनै सदस्य उपर समूहमा अविशवासको प्रस्ताव पेश गर्न सकिनेछ । यस्तो परिस्थितिमा उपस्थित सदस्य संख्याको दुई तिहाई बहुमतद्वारा तयसको प्रस्ताव पारित गरेमा निजको सदस्यता समाप्त हुनेछ ।

४१.२ यो नियम उपसमितिका सदस्यहरुमा पनि लागु हुनेछ ।

४१.३ २५ प्रतिशत सदस्यहरुले संयुक्त रुपमा दस्तखत गरी अविश्वासको प्रस्ता निवेदन साधारण सभा हुनु अगावै सम्बन्धित समितिमा दर्ता गराउनु पर्नेछ ।

४२. **उप-समिति निलम्वन वा खारेज** :-

संस्थाको विधान तथा नियम विपरीत जाने उपसमितिहरुलाई मूल समितिको बहुमतको निर्णयले निलम्वन वा खारेज गर्न सक्नेछ र अर्को व्यवस्था गर्न सक्नेछ ।

४३. **रिक्त स्थानको पूर्ति** :-

कुनै पनि कारणले रिक्त भएको पदमा प्रतिनिधित्व गरिरहेको क्षेत्रबाटै पर्ने गरी बांकी अवधिको निमित्त निम्न प्रकृयाद्वारा पूर्ति गरिनेछ ।

४३.१ मनोनयन या निर्वाचनद्वारा पदपूर्ति गरिनेछ ।

४३.२ मूल समितिको सदस्यको पदपूर्तिका लागि अध्यक्षद्वारा बैठकमा नाम प्रस्तुत गरी बहुमतबाट पारित गरेर ।

४३.३ उपसमितिहरुको हकमा मूल समितिबाट अनुमोदन गरेर ।

***स्पष्टिकरण*** :- उपसमितिहरुको पदपूर्ति गर्नका लागि सदस्यहरुको हकमा संयोजक वा संरक्षकबाट उपसमितिको बैठकमा नाम प्रस्तुत गरी बहुमतले पारित गरेर, संयोजक वा संरक्षकको हकमा मूल समितिको अगुवाईमा सम्बन्धित उपसमितिका बहुमत सदस्यहरुले पारित गरेर ।

४३.४ पूर्ण उप-समितिको हकमा मूल समितिको पहलमा तदर्थ उप-समिति बनाएर ।

४४. **विधान संशोधन** :-

विधान संशोधन गर्न आवश्यक पर्न आएमा सो कुरा साधारण सभामा पेश गरी सो सभाको सम्पूर्ण सदस्यहरुको दुई तिहाई बहुमतले पारित गरेमा सम्बन्धित निकायबाट स्वीकृती लिई संशोधित विधान लागु गर्न सक्नेछ ।

विधान संशोधनको प्रस्ताव साधारण सभा बस्नु भन्दा १५ दिन अगावै समितिको कार्यालयमा दर्ता हुनु पर्दछ ।

४५. **नियम बनाउने** :-

विधानमा उल्लेखित उद्देश्य प्राप्त गर्न विधानसंग नबाझिने गरी समितिले नियमहरु बनाई लागु गर्न सक्नेछ ।

४६. **संस्थाको प्रगति प्रतिवेदन तथा अन्य** :-

संस्थाको प्रगति प्रतिवेदनहरु समितिसंग सम्बन्धित निकायहरुमा सम्बन्धित निकायको माग तथा आवश्यकतानुसार उपलवध गराइनेछ ।

४७. **संस्थाको उद्देश्य र कार्यक्रम सम्बन्धी अन्य कुराहरु** :-

४७.१ कार्यसमितिको सिफारिसमा गा.वि.स.मा दातृसंस्था समेत समाजका विशिष्ट व्यक्ति भएको सल्लाहाकार समिति गठन गर्न सकिनेछ ।

४७.२ सल्लाहाकार समितिले समितिलाई विकास कार्य संचालन गर्ने, नीति निधारण गर्ने कुरामा सल्लाह दिनेछ ।

४७.३ संस्थाको उद्देश्यमा थपघट गर्नु परेमा समितिमा सदस्यको निर्णयबाट पारित प्रस्ताव अनुसार सम्बन्धित निकायबाट स्वीकृती लिई कार्यान्वयनमा ल्याइनेछ ।

४८. **नियमावलीमा उल्लेखित कुरा बाझेमा बदर हुने** :-

यस विधानमा लेखिएका कुराहरु प्रचलित ऐन कानुनसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

४९. **दण्द र जरिवाना सम्बन्धी व्यवस्था** :-

उपभोक्ता समूह र समितिका सदस्यहरुमा अनुशासन कायम गर्न तल लेखिए अनुसार दण्ड साजयं गरिने व्यवस्था गरिएको छ ।

४९.१ उपभोक्ता समूह वा समितिको बैठकमा विना जानकारी वा उचित कारण विना अनुपस्थित सदस्यलाई समितिले जरिवाना गर्न सक्नेछ ।

यदि यस्तो गल्ती पटक पटक दोहोऱ्याएमा निजलाई बढी दण्ड सजायं गर्न सक्नेछ । जरिवाना के कस्तो गर्ने भन्ने निर्णय समितिले पारित गरे बमोजिम हुनेछ ।

४९.२ यदि आयोजनाको कसेले हानी नोक्सानी गरेमा समितिको बैठकबाट नोक्सान गरे बराबर वा बैठकले तोके अनुसार क्षतिपूर्ति भराइनेछ ।

५०. **खर्च फरफारक गर्ने** :-

आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि आयोजनासंग सम्बन्धित सबै आम्दानी खर्चहरु फरफारक गर्नु पर्नेछ ।

५१. **आयोजना सेवा संचालन व्यवस्था** :-

आयोजनाको निर्माण कार्य सम्पन्न भएपछि उपभोक्ताहरुमा सेवा संचालन गरिनेछ । यसको लागि उपभोक्ताहरुबाट सेवा शुल्क लिन सकिनेछ ।

५२. **आयोजना मर्मत सम्भार व्यवस्था** :-

आयोजनाहरुलाई दिगो रुपले संचालन गर्न नियमित र आकस्मिक मर्मत सम्भारको व्यवस्था गरिनेछ ।

५३. उपभोक्ता समूहले उपभोक्ता समितिका पदाधिकारीहरुको काम कारवाही उपभोक्ताको हित विपरीत भएको पाएमा सो समिति खारेज गरी नयां गठन गर्न सक्नेछ ।

५४. उपभोक्ता समूहको सहमतिबाट समितिले नेपाल सरकार वा अन्य गैह्र सरकारी निकायसंग आयोजना संचालन तथा कार्यान्वयन सम्बन्धमा सम्झौता गर्न सक्नेछ ।

५५. उपभोक्ता समूह भन्दा बाहिरका व्यक्ति वा समुदायले आयोजनाबाट पाइने फाइदाहरु लिन चाहेमा सेवा शुल्क वा अन्य शर्तहरु कायम गरी त्यस्ता ईच्छुक व्यक्ति वा समुदायलाई समितिको बैठक निर्णयबाट फाइदा उपभोग गर्न दिन सक्नेछ ।

५६. आयोजनासंग सम्बन्धित काम कारवाहीमा गा.वि.स.वा दातृसंस्था वा सामुहिक पुंजी, श्रम, सामाग्री आदि प्रयोग हुन्छ भने गा.वि.स.को प्रतिनिधिलाई अनिवार्य रुपमा समूह वा समितिको बैठकमा सहभागी गराइनेछ ।

५७. **संस्था विघटन** :-

संस्थाको विधान बमोजिम कार्य संचालन गर्न नसकी अन्य कुनै कारणले यस संस्था विघटन भएमा संस्थाको सम्पूर्ण जायजेथा, चल-अचल सम्पत्ति नेपाल सरकारको नाममा सर्नेछ ।

५८. **बचाउ** :-

यस अघि विभिन्न खानेपानी आयोजना, मूल उपभोक्ता समितिको नामबाट भएका सम्पूर्ण कार्यहरु यस विधान अन्तर्गत भए सरह मानिनेछ ।

............................. खानेपानी आयोजना
उपभोक्ता समितिका
पदाधिकारीहरुको नामावली

| | | |
|---|---|---|
| १. | अध्यक्ष | - |
| २. | उपाध्यक्ष | - |
| ३. | सदस्य-सचिव | - |
| ४. | कोषाध्यक्ष | - |
| ५. | सदस्य | - |
| ६. | ,, | - |
| ७. | ,, | - |
| ८. | ,, | - |
| ९. | ,, | - |

५९. **विविध** :-

समयानुसार विधान संशोधन गर्नु परेमा साधारण सभाको उपस्थित ७५% सदस्यको बहुमतको निर्णयानुसार संशोधन गरिनेछ ।